# जातीय समानता बढावा निम्ति
# विद्यमान तथा योजनाबद्ध उपायहरू

## भूमि विभाग(ल्याण्ड डिपार्टमेन्ट)

भूमि विभागले हङकङ समुदायको अधिक फाईदाको लागि भूमि व्यवस्थापनमा उत्कृष्टता प्राप्त गर्न प्रयत्न गर्दछ । यस विभाग स्थानीय र क्षेत्रिय स्तरमा आर्थिक तथा बजार प्रवृत्तिको गतिविधिलाई कायम राख्न; नीतिहरुको निरन्तर समीक्षा गर्न र समाजमा हुने आवश्यक परिवर्तनलाई मेल हुने उत्तम प्रयासहरु लागू गर्न; पारदर्शिता र व्यावसायिक संस्कारको विकास र दिगोपन; र उत्पादन बढाउन र क्षमता विकास गर्नका लागि नयाँ प्रविधि प्रयोग गर्न र जनशक्ति वृद्धि गर्न प्रयासरत छ । विविध जातिका मानिसहरुलाई हाम्रो सेवाहरुको समान पहुँच सुनिश्चित गर्न हामी तत्पर छौं ।

**सम्बन्धित सेवाहरु**

- क्षेत्रको भूमि व्यवस्थापनको लागि यो विभाग उत्तरदायी छ । हङकङको विकासको आवश्यकता पुरा गर्न सरकारी भूमि/जग्गाको बाँडफाड र बन्दोवस्त गर्ने; सार्वजनिक कार्य तथा परियोजनाहरुको कार्यान्वयन गर्न निजी जग्गा प्राप्त गर्न र हटाउन;र सरकारी भूमिलाई ठेक्कामा दिन र नियन्त्रणमा राख्ने जस्ता सेवाहरु समावेश छन् । यो विभाग हङकङमा भूमि सर्वेक्षण (नापी) र सबै प्रकारका नापनक्साको लागि एक केन्द्रीय प्राधिकरणको रुपमा पनि काम गर्दछ ।

**विद्यमान उपायहरु**

- हाम्रो सेवाहरुबारे जानकारी विभागीय वेबसाइटमा हङकङको दुई आधिकारिक भाषाहरु (चिनियाँ र अंग्रेजी) मा उपलब्ध छन् । सबै पर्चा र पम्प्लेटहरु सर्वसाधारणको जानकारीका लागि दुवै आधिकारिक भाषाहरुमा प्रकाशित गरिएको छ ।

- सर्वसाधारणहरुले विभागको विभिन्न जानकारी तथा सेवाहरु बारे विभागीय सोधपुछको हटलाइन, ईमेल/फ्याक्स/पोष्ट, वा विभागको विभिन्न कार्यालयको सर्भिस काउन्टरबाट प्राप्त गर्न सक्छन् ।

- अल्पसंख्यक जातीयहरुको लागि केन्द्र (CHEER)र/वा अन्य सेवा प्रदायकहरुद्वारा आवश्यक परेको खण्डमा दोभाषे सेवाको व्यवस्था गरिन्छ । CHEER ले आठ भाषाहरुमा टेलिफोन दोभाषे सेवाहरु उपलब्ध गर्दछ जसमा बहासा ईन्डोनेशिया, हिन्दी,

नेपाली ,पन्जाबी ,उर्दू, तागालग, थाई र भियतनामी छन् । विभागको विभिन्न कार्यालयहरुको सर्भिस काउन्टरहरुमा दोभाषे सेवा बारे जानकारी उपलब्ध छन् ।

- भाषा सेवाहरूको प्रावधान बारे सोधपुछ/उजूरीको तथ्याङ्क नियमित रुपमा सङ्कलन गरिन्छ र विभागीय वेबसाइटमा प्रकाशित गरिन्छ । जातीय समानताका बारे कर्मचारीहरुमा चेतना बढाउनका लागि कर्मचारीलाई नियमित रूपमा ईमेलहरू प्रसारित पनि गरिन्छ । फ्रन्ट-लाइन अफिसरहरूलाई जातीय संवेदनशीलता र सांस्कृतिक विविधताका प्रशिक्षण पाठ्यक्रमहरूमा भाग लिन व्यवस्था गरिएको छ । यो विषय विभागको नयाँ भर्तीहरूको लागि इन्डक्सन पाठ्यक्रमहरूमा समावेश गरिसकेको छ ।

| | |
|---|---|
| भावी कार्यको मूल्यांकन | • विभागले सर्वसाधारणहरुको प्रतिक्रिया र सुझावहरु आवश्यक भए अनुसार हाम्रो सेवाहरुको गुणस्तर सुधार गर्न समय समयमा सेवाहरुको समीक्षा गर्नेछ । |
| लिईने/लिनु पर्ने थप उपायहरु | • जातीय समानता प्रति सचेतना र संवेदनशीलता बढाउन कर्मचारीलाई प्रशिक्षण लिन प्रोत्साहित र सहयोग गरिन्छ । |

जातीय समानता बढाउनको निम्ति विद्यमान तथा योजनाबद्ध उपायहरू सम्बन्धी सोधपुछ गर्न, कृपया **डेपुटी डिपार्टमेन्टल सेक्रेटरी/जनरललाई (मिस जांग सुएत-लैन, मिशेल)**निम्न माध्यमहरु मार्फत सम्पर्क गर्नुहोस् –


| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2231 3233 |
| फ्याक्स नं. | : | 2536 0827 |
| ईमेल | : | ddsg@landsd.gov.hk |
| पत्राचार ठेगाना | : | 21/F, North Point Government Offices, 333 Java Road, North Point, Hong Kong. |


**भूमि विभाग**
**जून 2021**